मिति : २०७७/०४/०७

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि प्रेस काउन्सिल नेपालसँग सम्बन्धित आ.व. ०७६/७७ का विवरणहरू अद्यावधिक गरी प्रकाशन गरिएको छ ।

## १) निकायको स्वरुप र प्रकृति,

निरन्तर अनुगमन, नियमन र मूल्याङ्कन गरी आमसञ्चारमाध्यम र पत्रकारलाई मर्यादीत तथा जिम्मेवार बनाउन प्रेस काउन्सिल नेपालको महत्वपूर्ण भूमिका रहेको छ । नेपालमा २०१४ सालमा गठित प्रेस कमिसनको प्रतिवेदनका आधारमा २०२४ सालमा प्रेस सल्लाहकार समिति गठन भयो । २०२७ सालमा नाम परिवर्तन गरी प्रेस सल्लाहकार परिषद् नामकरण गरियो । त्यसपछि छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०१९ को दफा ३० क बमोजिम बि.सं. २०२७ असोज ६ गते प्रेस काउन्सिल नेपालको विधिवत् स्थापना भएको हो । यसै दिनलाई काउन्सिलको वास्तविक जन्म मानिदैं आएको छ । यही आधारमा प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ बमोजिम १ जना अध्यक्ष र ११ जना सदस्य नेपाल सरकारले बढीमा ४ वर्षका लागि नियुक्त गर्नसक्ने र नेपाल पत्रकार महासंघको सभापति/अध्यक्ष पदेन-सदस्य, सूचना विभागका महानिर्देशक सदस्य-सचिव रहने गरी काउन्सिलको गठन हुने व्यवस्था रहेको छ ।

हालको प्रेस काउन्सिल नेपाल प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम पत्रकारिताको पेशागत उच्चतम् आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्न अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्थाको रूपमा गठन भई सञ्चालनमा रहेको छ । पत्रकारिताको पेशागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धनका लागि स्थापित काउन्सिल यसै कार्यमा लागि क्रियाशील छ ।

पत्रकार आचारसंहिताको पालनाबाट मर्यादित, जिम्मेवार पत्रकारिताको विकास गर्ने, प्रेस स्वतन्त्रताको संरक्षण संम्बर्द्धन गर्दै पत्रकार आचारसंहिता पालना गर्न उत्प्रेरित गर्नुका साथै नेपाल सरकार र सञ्चारमाध्यामका बीच पुलको रूपमा कार्य गर्ने अहम जिम्मेवारी काउन्सिलको रहेको छ ।

काउन्सिलले पत्रकार आचारसंहिता उल्लङ्घनका विषयमा उजुरी सुन्ने, सो उपर अध्ययन अनुसनधान गरी आवश्यक कारवाही गर्ने, आचारसंहिता सम्बन्धी जागरण अभियान सञ्चालन गर्ने, आसञ्चारमाध्यममा आचारसंहिताको अनुगमन गर्ने, पत्रकारितको विकासका लागि सरकारलाई सुझाव दिने प्रमुख कार्यहरु गर्दै आएको छ ।

## (२) निकायको काम, कर्तव्य र अधिकार

प्रेस काउन्सिलको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

५.१ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन गर्ने,
५.२ नेपालको संविधान (२०७२) को मर्म र भावनालाई कार्यान्वयन गर्न प्रोत्साहन गर्ने,
५.३ स्वस्थ पत्रकारिताको विकासको लागि उपर्युक्त वातावरण तयार गर्ने,
५.४ प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारितासम्बन्धी आचारसंहिता बनाई लागू गर्ने,
५.५ मर्यादित पत्रकारिताको विकासका लागि गर्नुपर्ने कामका निम्ति नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने,
५.६ आमसञ्चारका माध्यममा प्रकाशित तथा प्रसारित असामाजिक, आपत्तिजनक, राष्ट्रिय हितविपरीतका कुराहरूको सम्बन्धमा छानविन गरी आवश्यक कारबाही गर्ने, प्रकाशित वा प्रसारित सामग्रीबाट असर पुग्ने पक्ष र पुऱ्याउने पक्षबीच मेलमिलाप गराउने वा मध्यस्थको प्रक्रियाबाट विवाद समाधान गर्ने,
५.७ कानुनद्वारा तोकिएका अन्य कार्यहरू गर्ने

क) उद्देश्य

२.१ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र सम्बर्द्धन गर्ने,
२.२ नेपालको संविधान (२०७२) को मर्म र भावनालाई कार्यान्वयन गर्न प्रोत्साहन गर्ने,
२.३ समाचारबाट हुने हिंसा, विभेद, भाषिक-साँस्कृतिक असहिष्णुता, मानवअधिकार हनन र उपेक्षालाई न्यूनीकरण गर्नमा आवश्यक कार्य गर्ने,
२.४ पत्रकारितामा उच्च व्यावसायिक मर्यादा कायम गराउन पत्रकारको आचरणसंहिता बनाई प्रभावकारी रूपमा लागू गर्ने गराउने

र

२.५ मर्यादित पत्रकारिताको विकासका लागि नेपाल सरकारलाई आवश्यक सुझाव सिफारिस गर्ने

## (३) निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण

काउन्सिलको स्वीकृत दरबन्दी, पदपूर्ति र रिक्त पदको अवस्था देहायानुसार रहेको छ ।

| क.सं | पद | तह | दरबन्दी | स्याथी पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | दशौं | १ | १ | - | |
| २. | वरिष्ठ प्रशासकीय अधिकृत | नवौं | १ | १ | - | |
| ३. | सह-प्रशासकीय अधिकृत | आठौं | १ | १ | - | |
| ४. | उप-प्रशासकीय अधिकृत | सातौं | ३ | २ | १ | आ.प्र बाट पूर्ति हुने |
| ५. | अधिकृत प्रशासन | छैठौं | ५ | ३ | २ | खुला/महिला |
| ६. | अधिकृत लेखा | छैठौं | १ | १ | - | |
| ७. | सहायकस्तर प्रशासन | पाँचौ | ६ | ४ | २ | खुला/महिला |
| ८. | सहायकस्तर लेखा | पाँचौ | १ | - | १ | खुला |
| ९. | सहायकस्तर | चौंथो | ४ | - | ४ | खुला/महिला |
| १०. | श्रेणी विहीन | श्रेणीविहीन | ६ | - | - | |
| | | जम्मा | २९ | १६ | | |




| दरबन्दी तेरिज | | |
|---|---|---|
| पद | तह | दरबन्दी संख्या |
| प्रमुख प्रशासकीय अधिकृत | १० | १ |
| वरिष्ठ प्रशासकीय अधिकृत | ९ | १ |
| सहप्रशासकीय अधिकृत | ८ | १ |
| उपप्रशासकीय अधिकृत | ७ | ३ |
| अधिकृत (प्रशासन) | ६ | ५ |
| अधिकृत (लेखा) | ६ | १ |
| वरिष्ठ प्रशासन सहायक | ५ | ६ |
| लेखापाल | ५ | १ |
| प्रशासन सहायक | ४ | ४ |
| हलुका सवारी चालक | १ | १ |
| कार्यालय सहयोगी | १ | ५ |
| जम्मा | | २९ जना |

(४) निकायबाट प्रदान गरिने सेवा

(क) आचारसंहिता उजुरी सुनुवाई र कारवाही
(ख) अनलाइन सूचीकरण
(ग) पत्रपत्रिका वर्गीकरण
(घ) स्वास्थ्योपचार सहयोग
(ङ) मिडिया विकास कोषबाट फेलोसिपलगायत विभिन्न सुविधा प्रदान
(च) संहिता जर्नलमा लेख प्रकाशित भएवापत पारिश्रमिक
(छ) आचारसंहिता जागरण तथा सुनुवाई
(ज) मिडिया संवाद
(झ) विभिन्न विधाका पत्रकार/स्कुल-कलेजका पत्रकारिता तथा आमसञ्चार विषयका विद्यार्थीसँग छलफल/अन्तर्क्रिया
(ञ) प्रेस क्लिपिङ सेवा
(ट) विभिन्न मिडियाको अभिलेखीकरण तथा वितरण
(ठ) विभिन्न विषयका सूचना प्रदान
(ड) श्रमजीवी पत्रकारका गुनासो, समस्या सुनुवाई तथा पत्रकार र मिडियाको अवस्थाबारे स्थलगत अनुगमन

(ढ) काउन्सिलका आचारसंहिता, संहिता, वार्षिक प्रतिवेदनजस्ता प्रकाशन निःशुल्क वितरण

(ण) छुटेका हुनसक्ने विषय अद्यावधिक गरिने छ ।

**(५) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी**

काउन्सिलको शाखा संरचना र जिम्मेवारी परिवर्तन हुने क्रममा रहेकाले सोको टुंगो लागेपछि अद्यावधिक गरिने छ ।

**(६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि,**

(क) प्रेस क्लिपिङ - रु.४०००/- मासिक

(ख) वितरण सम्परीक्षण समितिमा पत्रपत्रिका वर्गीकरणका लागि लाग्ने दस्तुर : रु.११००/- देखि रु. ५१००/- सम्म

(ग) पत्रपत्रिकाको डिजिटल अभिलेखको लागि प्रति एम.बी रु.०.२५/- (धेरै डाटा आवश्यक परेको खण्डमा छुटको पनि व्यवस्था रहेको)

(घ) वर्गीकरण प्रमाणितवापत पृष्ठ संख्याबमोजिम दस्तुर

(ङ) लिखित सूचना दिनुपरेको अवस्थामा सूचनाको हकसम्बन्धी ऐन २०६४ मा तोकिएबमोजिम

(च) सूचीकरण वापतको दस्तुर हाल निःशुल्क

(छ) खुला, आन्तरिक प्रतिस्पर्धा तथा कार्यक्षमता मूल्याङ्कनका आधारमा हुने बढुवा वापतको दस्तुर पदअनुसार तोकिएबमोजिम हुने

(ज) यसपछि यससम्बन्धी अन्य निर्णय भएमा तत्काल अद्यावधिक गरिनेछ ।

**(७) निणर्य गर्ने प्रक्रिया र अधिकारी**

प्रायः बोर्ड, समिति, उपसमितिका बैठक बसी पदाधिकारीहरुबाट

**(८) निर्णयउपर उजुरी सुन्ने अधिकारी**

- प्रेस काउन्सिल नेपाल (बोर्ड)
- समिति/उपसमिति
- काउन्सिल अध्यक्ष
- प्रमुख प्रशासकीय अधिकृत

**(९) सम्पादन गरेको कामको विवरण**

**१. आचारसंहिता अनुगमनतर्फ**

क) उजुरीको अवस्था (छापामाध्यम)

१. उजुरी-३५, फस्र्यौट-३१, बाँकी-४
२. स्वअनुगमन-१६३ (सबै फस्र्यौट)
३. जनगुनासो-३ फस्र्यौट-सबै
४. लकडाउन(२०७६/१२/११-२०७७/०२/३१) को अवधिमा
   उजुरी-१३, फस्र्यौट-१०, बाँकी-३
   स्वअनुगमन-३९, सबै फस्र्यौट
५. कालोसूची-० (यस वर्ष नपरेको)

ख) उजुरीको अवस्था (विद्युतीय माध्यम)

१. उजुरी-१५७, फस्र्यौट-१२३, बाँकी-३४
२. स्वअनुगमन-५५४, फस्र्यौट-५४१, बाँकी-१३
३. जनगुनासो-९, फस्र्यौट-६, बाँकी-३
४. लकडाउन(२०७६/१२/११-२०७७/०२/३१) मा
   उजुरी-६०, स्वअनुगमन-१३, फस्र्यौट-६१, बाँकी-११
५. कालोसूची-३
६. नेपालभित्र सम्प्रेषण हुन नसक्ने गरी कारबाही भएका वेबसाइट १०१ ।
८. दुई पक्षीय छलफल गरी मेलमिलापबाट समस्या सल्टाइएको

ग) शुक्रवारीय विशेष अनुगमन

पत्रकार आचारसंहिता अनुगमन सिकाइ र अभ्यासअन्तर्गत प्रत्येक शुक्रबार काउन्सिलका कर्मचारीबाट छापामाध्यममा आचारसंहिता पालनाको विशेष अनुगमन हुने गरेको छ ।

## २. वितरण सम्परीक्षणतर्फ

वितरण सम्परीक्षण समितिले प्रत्येक वर्ष देशभरबाट नियमित प्रकाशित हुने पत्रपत्रिकाको वर्गीकरण गर्दै आइरहेको छ । पत्रपत्रिकाको मूल्याङ्कनका लागि सचिवालयले कार्य-सम्पादन गरिरहेको छ ।

### यस अवधिमा सम्पादित कार्य

- आ.व. २०७४/७५ का ९२४ पत्रपत्रिका वर्गीकरण(पुनरावलोकनसहित)को अन्तिम नतिजा सार्वजनिक गरियो । साथै आ.व. २०७५।०७६ को पत्रपत्रिका

वर्गीकरण प्रक्रियामा समावेश हुनका लागि गोरखापत्र दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी नेपालभरबाट कूल ८७८ वटा पत्रपत्रिकाको आवेदन सङ्कलन गरिएकोमा ३०० भन्दा बढी फाइलको मूल्याङ्कन गरिसकिएको

- वर्गीकरण प्रक्रियालाई अगाडि बढाउन रोष्टर तयार गर्ने क्रममा ८२ जना विशेषज्ञको नामावली तयार भएको
- ८७८ वटा पत्रपत्रिकालाई पत्रकार आचारसंहितावापतको नम्बर प्रदान गरिएको
- अनलाइनको वर्गीकरणसम्बन्धी मापदण्ड बनाई सरकारलाई सुझावसहित पठाइएको

३. आचारसंहितातर्फ

- प्रदेश नं. १ को विराटनगर, मोरङमा पत्रकार आचारसंहिता जागरण र मिडियाप्रतिको जनगुनासो सुनुवाई कार्यक्रम सम्पन्न
- गण्डकी प्रदेशमा पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण कार्यक्रमसम्पन्न
- प्रदेश नं. २ को जनकपुर र कर्णाली प्रदेशको रुकुममा उपसमितिगत मिडिया संवाद कार्यक्रम सम्पन्न
- महोत्तरी, सिराहा, रोल्पा, प्युठान, सोलुखुम्बु, ओखलढुंगा, खोटाङ र जाजरकोटमा जिल्लास्तरको पत्रकार आचारसंहिता जागरण कार्यक्रम सम्पन्न
- उदयपुर, पर्सा, कास्की, बाग्लुङ, पर्वत, म्याग्दी, रामेछाप, दोलखामा स्थलगत मिडिया अनुगमन कार्य सम्पन्न

- पत्रकार आचारसंहिता जागरण प्रदेशस्तरीय कार्यक्रम काभ्रेको धुलिखेलमा सम्पन्न
- पाँचथर, इलाम, ताप्लेजुङमा मिडिया अनुगमन कार्य सम्पन्न
- चितवन, नवलपरासी(पूर्व), नवलपरासी(पश्चिम), रुपन्देही पाल्पा र गुल्मीमा पत्रकार महासंघलाई एक-एक सय थान मास्क वितरण

४. प्रकाशनतर्फ

- चौवालिसौं वार्षिक प्रतिवेदन, अंग्रेजी प्रकाशन र संहिता जर्नल बयालिसौं, त्रिचालिसौं, चौवालिसौं र पैतालिसौं अङ्क र काउन्सिल गतिविधि बुलेटिन प्रकाशन भएको ।

- काउन्सिलको ५० वर्षे इतिहास समेटिएको ५०० भन्दा बढी पृष्ठको पुस्तक प्रकाशनको क्रममा रहेको
- मैथली पत्रकारिताको अध्ययन भई पुस्तक प्रकाशनको क्रममा रहेको
- टि-टेबल म्यागाजिन प्रकाशनको क्रममा रहेको

५. अध्ययन/अनुसन्धान/अभिलेखतर्फ

- कोरोना महामारीको समयमा मिडियाको विश्वसनीयतासम्बन्धी मिडिया सर्भेक्षण गरी प्रतिवेदन सार्वजनिक भएको
- कोरोना महामारीमा प्रेस काउन्सिल नेपालको प्रभावकारितासम्बन्धी कार्य सम्पन्न भई प्रतिवेदन तयार भएको
- भाषिक एकरुपताका लागि सम्पादन शैली पुस्तिका तयार-२०७६ तयार गरिएको ।
- लकडाउनले छापा, रेडियो, टिभी र अनलाइन मिडियामा पारेको असर र पत्रकार तथा मिडिया हाउसको समस्या तथा समाधान विषयमा अध्ययन गरी छुट्टाछुट्टै तीनवटा प्रतिवेदन सार्वजनिक भएको
- काउन्सिलको प्रशासनिक पुनर्संरचनासम्बन्धी अध्ययन भई प्रतिवेदन तयार गरिएको
- अनलाइन सूचीकरण हुने कार्य जारी, हालसम्म २१३० वटा अनलाइन काउन्सिलमा सूचीकृत भएको
- विभिन्न अनलाइन सञ्चारमाध्यमबाट प्रवाह भएका २३ लाख ८७ हजार ५ सय ३९ सामग्री अभिलेख भएको
- विभिन्न एफ.एम.रेडियोबाट प्रशारित ३९ लाख ५ हजार ४ सय ९० सामग्री क्लिप काउन्सिलले रेकर्ड गरी स्टोरेज भएको
- विभिन्न पत्रपत्रिकाका ३५ लाख पृष्ठ स्क्यान भएको
- २०७५ वैशाखदेखि हालसम्म ३२ च्यानल टिभीबाट मिडिया कन्टेन्ट अभिलेख भइरहेको
- पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आवद्ध ९७७ पत्रपत्रिकाका ७०,०८७ वटा पिपिएफ सामग्री अभिलेख भएको ।

६. आर्थिक प्रशासनतर्फ

- आ.व. ०७६/७७ का लागि ५ करोड १९ लाख बजेट प्राप्त भएको (थप निकासा समेत)
- मिडिया विकास कोषबाट ६ वटा सञ्चार संस्था र तीनजना पत्रकारलाई अनुदानवापत रु. ३,७५,०००।- प्रदान गरिएको ।
- पत्रकार कल्याण कोषबाट ३३ जना पत्रकारलाई औषधोपचार सुविधावापत रु. ४,७०,०००।- प्रदान गरिएको

७. पदपूर्तितर्फ

- काउन्सिलमा रिक्त पदपूर्तिको लागि विज्ञापन प्रकाशन भएकोमा लकडाउनपछि स्थगन भएको, साथै कार्यसम्पादन मूल्यांकन प्रक्रियाबाट विभिन्न तहमा सात जना कर्मचारीको बढुवा भएको

८. वैदेशिक सम्बन्ध

- विभिन्न देशका प्रेस काउन्सिलसँग भाइचारा सम्बन्ध कायम हुँदैआएको
- कोरोना महामारी र लकडाउनको समय विश्व प्रेस काउन्सिलका पदाधिकारीबीच पटक-पटक भर्चुअल बैठक बसेको
- भारतीय प्रेस काउन्सिललाई पत्रमार्फत त्यहाँका विद्युतीय मिडियालाई पत्रकार आचारसंहिताको धर्म निर्वाह गर्न लगाउन अनुरोध गरिएको

९. लकडाउनमा काउन्सिलको भूमिका

- कोरोना महामारी र लकडाउनबीच निरन्तर क्रियाशील भई अतिरिक्त समयमा समेत मिडिया कन्टेन्ट अनुगमन गरिएको
- कोरोना महामारी र लकडाउनका कारण प्रभावित मिडियाको हितमा नीतिगत निर्णय गर्न सरकारलाई विभिन्न सुझाव दिइएको, साथै युट्युब च्यानलको अनुगमनका लागि नीतिगत निर्णय गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ध्यानाकर्षण गराउँदै पत्राचार गरिएको
- पटक-पटक प्रेस विज्ञप्ति, अपिल जारी गरी पत्रकार आचारसंहिता पालनामा पत्रकार र सञ्चारमाध्यमको ध्यानाकर्षण गराइएको

- कोरोना महामारी र लकडाउनका कारण नेपाली मिडिया र पत्रकारमा परेको असरबारे सरोकारवालाको सहमतिमा कार्यदल गठन भई सरकारलाई सुझाव दिने विषयमा प्रतिवेदन तयार भइरहेको
- दर्ता नभएका अनलाइनमा आउने विषयको नियमनमा देखिने समस्या समाधानको लागि प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्षको संयोजकत्वमा नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल पत्रकार महासंघ, साइबर व्यूरो, (नेपाल प्रहरी) र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका एक/एक जना सदस्य प्रतिनिधि रहने कार्यदल गठन भई कार्य भइरहेको
- २७० जना पत्रकार र काउन्सिलका कर्मचारीको पिसिआर परीक्षण सम्पन्न भएको ।

(१०) **संस्था प्रमुख** : किशोर श्रेष्ठ, कार्यबाहक अध्यक्ष



सचिवालय प्रमुख : झबिन्द्र भुसाल, प्रमुख प्रशासकीय अधिकृत



(११) **सूचना अधिकारी**

- दीपक खनाल (सूचना अधिकारी)
  वरिष्ठ प्रशासकीय अधिकृत



(११) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- प्रेस काउन्सिल ऐन, २०४८
- प्रेस काउन्सिल कार्यव्यबस्था नियमावली, २०४९
- प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७६
- प्रेस काउन्सिल मिडिया विकास कोष उपसमिति (Press council Media Development Fund Sub-Committee) को विनियम
- प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोषको विनियमावली, २०५६
- मिडिया विकास कोष नीति (परिमार्जन-२०६६)
- पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड-२०६६ (परिमार्जन, २०७३)
- सूचना तथा संचार प्रविधि नीति २०७२
- निर्देशिका
- खर्च निर्देशिका - २०७५
- बालमैत्री सञ्चार निर्देशिका-२०७३
- अपाङ्गतामैत्री सञ्चार निर्देशिका -२०७३
- पत्रकार आचारसंहिता उजुरी र कारबाहीसम्बन्धी कार्यविधि, २०७५ (पहिलो संशोधन २०७६)
- पत्रकार आचारसंहिता उजुरी र कारबाहीसम्बन्धी कार्यविधि, २०७५

# (१२) आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण

प्रेस काउन्सिल नेपाल

आर्थिक वर्ष ०७६।७७ को बजेट र खर्च

चौमासिक निकासा रकम रू.५,१९,००,०००।

| ख.शी.नं | खर्च शीर्षक | २०७६।७७ को बजेट बांडफांड | २०७६ साउन देखि २०७७ **आषाढ मसान्त** सम्मको खर्च | बाकी रकम |
|---|---|---|---|---|
| २६४११ | तलब | १२,४०१,०००।०० | १०,२०६,४९८।१४ | २,१९४,५०१।८६ |
| २६४११ | औषधी उपचार खर्च | २५०,०००।०० | १०२,७३२।०० | १४७,२६८।०० |
| २६४११ | सञ्चार महसुल | २,३००,०००।०० | १,५८४,२१०।६२ | ७१५,७८९।३८ |
| २६४११ | कार्यालय सम्बन्धि खर्च | २,३००,०००।०० | २,३००,०००।०० | ०।०० |
| २६४११ | कर्मचारी तालिम | २००,०००।०० | ०।०० | २००,०००।०० |
| २६४११ | भ्रमण खर्च | १,२००,०००।०० | ६७०,९७४।०० | ५२९,०२६।०० |
| २६४११ | विशेष भत्ता | १,५००,०००।०० | १,५००,०००।०० | ०।०० |
| २६४११ | बैठक भत्ता र परिवहन | ३,५००,०००।०० | ३,४४९,९३६।७९ | ५०,०६३।२१ |
| २६४११ | पोशाक | ५००,०००।०० | ३६०,०००।०० | १४०,०००।०० |
| २६४११ | ईन्धन | ६००,०००।०० | ४८०,६६५।२३ | ११९,३३४।७७ |
| २६४११ | पानी तथा बिजुलि महशुल | ९००,०००।०० | ६३९,८०८।९२ | २६०,१९१।०८ |
| २६४११ | मर्मत सम्भार | ८००,०००।०० | ७६५,०३२।५५ | ३४,९६७।४५ |
| २६४११ | परामर्श तथा सेवा शुल्क(करार तलव,गाडी विमा, कर्मचारी वीमा) | १,५००,०००।०० | १,३९६,०९२।२० | १०३,९०७।८० |
| २६४११ | विविध खर्च | ८९३,०००।०० | ६२०,२७७।१५ | २७२,७२२।८५ |
| २६४१२ | कर्मचारी अनुगमनकर्ता (करार) | ६,५००,०००।०० | ४,७१४,१७७।९९ | १,७८५,८२२।०१ |
| २६४११ | पत्रकार आचारसंहिता जागरण मिडियाप्रतिको जनगुनासो सुनुवाई कार्यक्रम र काउन्सिलसंग छलफल कार्यक्रम | १,५००,०००।०० | १,५००,०००।०० | ०।०० |
| २६४११ | पत्रपत्रिका वर्गीकरण | १,०००,०००।०० | ५७३,४४१।०० | ४२६,५५९।०० |
| २६४११ | प्रकाशन संहिता जनरल, वार्षिक प्रतिवेदन र अङ्ग्रेजी बुलेटिन छपाई | २,०००,०००।०० | १,६६१,८९८।०० | ३३८,१०२।०० |
| २६४११ | पत्रकार आचारसंहिता प्रशिक्षक तथा प्रशिक्षण कार्यक्रम | ८००,०००।०० | ८००,०००।०० | ०।०० |
| २६४११ | उपसमितिगत मिडिया संवाद, स्थानीय संचार माध्यम प्रवर्द्धन, श्रमजीवि पत्रकार आचारसंहिता र साहित्यिक पत्रपत्रिका सम्बन्धि गोष्ठि र कार्यक्रम | ८००,०००।०० | ४८९,४७६।९८ | ३१०,५२३।०२ |
| २६४११ | पदपूर्ति कार्यक्रम | १,५००,०००।०० | ३३,०५३।०० | १,४६६,९४७।०० |
| २६४११ | वार्षिकोत्सव समारोह र विधागत पुरस्कार | १,५००,०००।०० | १,५००,०००।०० | ०।०० |
| २६४११ | कर्मचारी अवकाश कोष बुद्धि | १,५००,०००।०० | १,५००,०००।०० | ०।०० |
| २६४११ | अनुसन्धान अनुसन्धान | ७५०,०००।०० | ४७१,०००।०० | २७९,०००।०० |
| २६४११ | सिष्टम तथा अन्य मर्मत संभार र सुरक्षा | ७००,०००।०० | ०।०० | ७००,०००।०० |
| २६४११ | खोज तथा अनुसन्धान र प्रकाशन | १,०००।०० | १,०००।०० | ०।०० |
| २६४११ | नीति कानुन संरचना तथा प्रशासन सुधार | ५००,०००।०० | १३७,२४५।०० | ३६२,७५५।०० |
| २६४११ | ५०औं वार्षिकोत्सव समारोह | १,०००।०० | १,०००।०० | ०।०० |
| २६४११ | सूचना तथा सचेतनासम्बन्धि कार्यक्रम | १,०००।०० | १,०००।०० | ०।०० |
| २६४११ | डाटा सेन्टर स्थापना | १,०००।०० | ०।०० | १,०००।०० |
| २६४११ | टेलिभिजन अभिलेखिकरण तथा च्यानल थप र अपग्रेड | १,०००।०० | ०।०० | १,०००।०० |
| २६४११ | पत्रकार आचारसंहिता विभिन्न भाषामा प्रकाशन र प्रचारप्रसार | १,०००।०० | १,०००।०० | ०।०० |
| २६४२२ | स्क्यानर खरिद | ४,०००,०००।०० | ०।०० | ०।०० |
| | जम्मा रकम | ५१,९००,०००।०० | ३७,४६०,५१९।५७ | १०,४३९,४८०।४३ |

(१३) वेभसाइट

www.presscouncilnepal.org

(१४) वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

सूचनाको वर्गीकरण हुन बाँकी, आफूभन्दा माथिल्लो तहमा सुझाव दिइएको

(१५) सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय

यस अवधिमा न्यून मात्र लिखित सूचना माग भएको, मौखिक सूचना बढी दिइएको, सार्वजनिक सरोकारका विषयमा अपील, प्रेस विज्ञप्ति जारी गरिएको

(१६) सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण

समाचारका रूपमा प्रकाशन हुने गरेको, काउन्सिलको वेबसाइट, फेसबुक पेजमा राख्ने राखिएको